प्रेस विज्ञप्ती

२५ पौष, २०८०

## ब्रिटिस काउन्सिल नेपालले सास्कृतिक तथा शैक्षिक सम्वन्ध सुधिढिकरणको ६५ औं वार्षिकोत्सब मनाउँदै




ब्रिटिस काउन्सिल नेपालले आफ्नो मूख्य कार्यालय लण्डनमा एक प्रदर्शनीको आयोजना गर्दै सहकार्य, साझेदारी र प्रभावका ६५औं वर्ष स्मरण गर्दैछ। बेलायत नेपाल मैत्री सन्धिको शतवार्षिकी उत्सबकै आएको यो विशिष्ठ अवसरले दुई मुलुकहरुबीच सदियौंदेखि चलिआएको कुटनैतिक सम्वन्धलाई प्रष्ट पार्दछ।

नेपालका लागि बेलायती राजदूत महामहीम रब फेनले यस अवसरलाई कोषेढुंगाको संज्ञा दिँदै कृतज्ञता व्यक्त गर्नुभयो। महामहीम राजदूत रब फेनले भन्नुभयो, " बेलायत र नेपालबीचको सम्बन्ध चीरस्थाई रहेको छ र ब्रिटिस काउन्सिल नेपालले हाम्रा दुई मुलुकहिरुबीचको सास्कृतिक तथा शैक्षिक सम्बन्धहरुलाई सुध्रिढ बनाउन उल्लेख्य भूमिका खेलेको छ।"

त्यसैगरि बेलायतका लागि नेपाली राजदूत महामहीम ज्ञानचन्द्र आचार्यले भन्नुभयो, "ब्रिटिस काउन्सिलले आयोजना गरेको प्रदर्शनीले नेपाल र बेलायतबीचको साँस्कृतिक तथा शैक्षिक आदान प्रदानलाई उजागर गर्दछ, बिगतलाई झल्काउँछ र भविष्यमा हुन सक्ने सहकार्यहरुलाई संकेत गर्दछ। दुई शताब्दीभन्दा लामो द्धिपक्षीय सम्बन्धको पृष्ठभूमिमा आयोजित यस प्रदर्शनीले दुई मुलुकहरुबीच रही आएको मित्रता, सहकार्य र सहयोगलाई थप फराकिलो र सुधिढ बनाउन सघाउँदछ।"

बेलायत र नेपाल बीच कूटनैतिक सम्वन्धको एक अशंका रुपमा ६५ वर्ष अघि स्थापना भएको ब्रिटिस काउन्सिल नेपालले पहिलो ब्रिटिस पुस्तकालय स्थापना गरेको थियो। त्यस उप्रान्त, नेपाल सरकारको

शैक्षिक तथा साँस्कृतिक सुधारका पहलहरुमा यो भरपर्दा साझेदारका रुपमा बिकास भएको छ, जसका प्रभावहरु लाखौं जनताहरुबीच पुगेका छन् ।



ब्रिटिस काउन्सिल नेपालकी देशीय निर्देशक, शाहिदा म्याकडुगले पहिलो ब्रिटिस पुस्तकालयको स्थापनादेखि हालसम्मको यात्राको चर्चा गर्नुभयो । विगतका ६ दशकहरुमा हामीले थुप्रै व्यक्तित्व र संघसंस्थाहरुसँग मिलेर लाखोंबीच पुग्न सकेका छौं । साथै ब्रिटिस काउन्सिल नेपालले नेपालको शैक्षिक तथा साँस्कृतिक फाँटमा रुपान्तरणकारी प्रभाव छोड्न सफल भएकोछ," वहाँले जोड दिनुभयो ।

लण्डन मूख्य कार्यालयमा आयोजित प्रदर्शनीले ब्रिटिस काउन्सिलले शैक्षिक तथा साँस्कृतिक क्षेत्रहरुमा गरेका प्रयासहरु र उल्लेख्य योगदानहरुलाई प्रष्टाएकोछ । विगतका ६५ बर्षहरुमा ब्रिटिस काउन्सिल नेपालले साझेदारीहरुलाई अभिबृद्धि गर्दै, सहकार्यलाई सहजिकरण गर्दै विभिन्न कार्यक्रमहरु मार्फत समुदायमा गतिलो छाप छोड्न सम्भव तुल्याएको छ ।

प्रदर्शनी लण्डनको रेडम्यान पी एल, इ२० १जेक्यू, बेलायतमा सर्बसाधारणका लागि १ एप्रल, २०२४ सम्म खुला रहनेछ ।

....समाप्त....

**द ब्रिटिश काउन्सिलको बारेमा**

द ब्रिटिश काउन्सिल संयुक्त अधिराज्य बेलायतको सांस्कृतिक सम्बन्ध र शैक्षिक अवसरहरुका लागि अन्तर्राष्ट्रिय संस्था हो । हामी संयुक्त अधिराज्य र विश्वभरका देशहरुमा रहेका मानिसहरु बीच सम्पर्क, समझदारी र विश्वास निर्माण गरी शान्ति र समृद्धिलाई सहयोग गर्छौं । हामी यो कला र संस्कृति, शिक्षा र अंग्रेजी भाषामा हाम्रा कार्यहरुका माध्यमबाट गर्छौं । हामी दुई सयभन्दा बढी देश तथा क्षेत्रहरुमा रहेका मानिसहरुसँग काम गर्छौं र सयभन्दा बढी देशमा छौं । सन् २०२२/२३ मा हामी ६० करोड मानिसहरुसम्म पुग्न सफल भयौं ।

मिडिया जानकारीका लागिः सुचिता श्रेष्ठ, क्लस्टर कम्युनिकेसन मेनेजर, दक्षिण एसिया
suchita shrestha@britishcouncil.org.np